bpc
BUTWAL POWER COMPANY LIMITED

बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७०–०७१

www.bpc.com.np

# बुटवल पावर कम्पनी लिमिटेडको २२औं वार्षिक साधारण सभा बस्ने सूचना

शेयरधनीज्यू,

मिति २०७१/०८/१९ (तद्नुसार ०५ डिसेम्बर, २०१४) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २२ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०७१ पौष २७ गते आइतवार (तद्नुसार जनवरी ११, २०१५) ।

**स्थान :** बुटवल पावर कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय, बुद्धनगर, काठमाण्डौं ।

**समय :** बिहान १०:०० बजे ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०७०/७१ को वित्तिय विवरणहरू (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरू सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.ब. ०७०/७१ को मुनाफाबाट चुक्ता पूंजीको १५% नगद लाभांश स्विकृत गर्ने ।

५. विविध ।

**बुटवल पावर कम्पनी लिमिटेडको**

# २२ औं वार्षिक साधारण सभा

BUTWAL POWER COMPANY LIMITED

## हाजिरी जनाउ पत्र

**यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्वारमा बुझाइदिनुहुन अनुरोध गरिन्छ ।**

शेयरधनीको नामः.............................................................................................................

शेयरधनीको ठेगानाः...........................................................पो.व.नं...........................................

फोन नं.................................................मोवाइल नं.............................................................

शेयरधनी नं.:...........................शेयर प्र.प. नं.:.......................................शेयर संख्याः................

मिति २०७१ पौष २७ गते आइतबार बुटवल पावर कम्पनी लिमिटेडको केन्द्रिय कार्यालय, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौंमा बिहान १०:०० बजे शुरू हुने २२ औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

________________________

शेयरधनीको हस्ताक्षर

---

## प्रोक्सी-फारम

BUTWAL POWER COMPANY LIMITED

श्री संचालक समिति
**बुटवल पावर कम्पनी लि.**
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

...........................................जिल्ला.............................म.न.पा/न.पा./गा.वि.स. वडा नं. .................,
...................... वस्ने म/हामी ..........................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७१ पौष २७ गते आइतबारका दिन हुने २२औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.............................जिल्ला ...........................................म.न.पा/न.पा./ गा.वि.स./ वडा नं..............., ..............वस्ने श्री ........................................................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ................................................
दस्तखतः ................................................
ठेगानाः ...............................पो.व.नं.............
फोन नं.................................................

शेयरधनी नं.: ........................................
शेयर प्र.प.नं.: ........................................
शेयर संख्याः ........................................
मितिः ................................................

## साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७१।०९।१४ देखी मिति २०७१।०९।२७ सम्म बन्द रहने छ ।
२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरिनेछ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन पुस्तिका कम्पनीमा शेयरधनीहरूले उपलब्ध गराएको ठेगानामा हुलाक/कुरियर मार्फत पठाईने छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौं वा शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लि., बबरमहल, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट **www.bpc.com.np** मा हेर्न सकिने छ ।
३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात २०७१।०९।२४ गते विहान १०:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।
४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।
५. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः वदर हुनेछ, तर त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रोक्सीनै कायम हुनेछ ।
६. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि अपरान्ह ११:०० वजेसम्म खुल्ला रहने छ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. तथा परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः शेयर प्रमाण पत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।
७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।
९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., ववरमहल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
**कम्पनी सचिव**

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

आदरणिय शेयरधनीज्यूहरू समक्ष यस सम्मानित २२औं वार्षिक साधारण सभामा कम्पनीको आ.व. २०७०।०७१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा संचालक समितिलाई खुसी लागेको छ । कम्पनीको समग्र कार्यसंपादन तथा अवस्था विभिन्न कठिनाईहरूका वावजुद पनि सन्तोषजनक रहेको छ । संचालनमा रहेका विद्युतगृहहरूको विद्युत खरिद बिक्री सम्झौताको अवधि थप ३० वर्ष बढाउन नेपाल विद्युत प्राधिकरणसंग सहमति भएको छ । आँधिखोला क्षमताबृद्धि आयोजना सम्पन्न हुनै लागेको छ । ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन पुरा भएको छ । कार्यान्वयनको क्रममा रहेका अन्य आयोजनाहरूमा समेत विस्तारै प्रगति भईरहेको छ । कम्पनीले व्यवस्थापनलाई सुदृढ गर्नको लागि नयाँ प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गरेकोछ ।

### वित्तिय सम्पादनः

कम्पनीले यस आर्थिक वर्षमा रू. ४० करोड ४१ लाखको कारोवार गऱ्यो । यो कारोवार गत वर्षको तुलनामा २१.१% ले कमी हो । कारोवार अंक घट्नुको मुख्य कारण क्षमता बृद्धि कार्यको लागि आँधिखोला विद्युत गृह बन्द रहनु रहेको छ । तथापि, खुद मुनाफामा बृद्वि गर्न कम्पनी सक्षम भएको छ । यस वर्षको खुद मुनाफा गत वर्षको खुद मूनाफा रू. २४ करोड ३९ लाखको तुलनामा मा २४.६% ले बृद्धि भई रू. ३० करोड ३८ लाख पुगेको छ । यो बृद्धि मूलतः लाभांश आम्दानी बढेको कारण भएको हो र गत वर्ष रू. २४ करोड १४ लाख लाभांश आम्दानी भएकोमा सो अंकमा ६३.०५% ले बृद्धिभई यस वर्ष रू. ३९ करोड ३६ लाख लाभांश आम्दानी भएको छ । कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०६९/७० | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | २८९.३ | ४०९.० | -२९.३ |
| खुद्रा रूपमा बिद्युत र सेवा बिक्री बाट आम्दानी | ११४.८ | १०३.१ | ११.३ |
| जम्मा संचालन आम्दानी | ४०४.१ | ५१२.१ | -२१.१ |
| संचालन खर्च | ३२४.६ | ३११.२ | ४.३ |
| कूल संचालन नाफा | ७९.५ | २०१.० | -६०.४ |
| अन्य आय (प्राप्त लाभांश समेत) | ४५५.५ | २९६.२ | ५३.८ |
| प्रशासनिक तथा अन्य खर्च | २४३.८ | २२७.३ | ७.२ |
| खुद मुनाफा | ३०३.८ | २४३.९ | २४.६ |
| प्रतिशेयर आम्दानी रू. | १९.७ | २४.० | -१७.८ |
| नेटवर्थ | ३,२५९ | २,५१६ | २९.५३ |

# व्यवसाय संचालन

## उत्पादन व्यवसाय

आ.व. २०७०।७१ मा झिमरूक विद्युत गृह सरदर ६७.१३% क्षमतामा संचालनमा रही ७०.७६ गिगावाट आवर बिद्युत उत्पादन भयो । आँधिखोला विद्युत गृह बर्षभरीनै बन्द रह्यो, जसको कारण गत वर्षको तुलनामा कुल विद्युत उत्पादन घट्न पुग्यो । साथै, आफ्नो वितरण क्षेत्रमा नियमित रूपमा विद्युत आपूर्ति सुनिश्चित् गर्नको लागि विद्युतको माग बढी हुने बिहान बेलुकाको समयमा आवश्यक विद्युत तथा निर्माणको लागि आवश्यक विद्युतको लागि नेपाल विद्युत प्राधिकरणवाट ३३.५५ गिगावाट आवर विद्युत खरिद गरिएको थियो । कुल उपलब्ध विद्युत मध्ये ६९.५% नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो । २४.६६% विद्युत कम्पनीको वितरण संजाल मार्फत स्थानीय मागलाई पुरा गर्न आपूर्ति गरिएको थियो । वाँकी विद्युत आन्तरिक खपत, प्रणालीगत् नोक्सानी तथा निर्माण कार्यको लागि उपयोग भयो ।

आँधिखोला विद्युतगृह मार्ग ६, २०६९ देखी क्षमता बृद्धि कार्यको लागि बन्द रहेको छ । सो बन्द रहेको अवधिमा आफ्नो वितरण क्षेत्रमा नियमित विद्युत आपूर्ति गर्न, निर्माण कार्यको लागि तथा आन्तरिक खपतको लागि कुल ३१.१४ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणवाट खरिद गरिएको थियो । खरिद गरिएको कुल विद्युत मध्ये ६.२६ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो । २४.६६ गिगावाट आवर विद्युत कम्पनीका वितरण व्यवसाय अर्न्तगतका उपभोक्ताहरूको लागि आपुर्ति गरिएको थियो र ०.११ गिगावाट आवर विद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिएको थियो ।

झिमरूक बिद्युत गृह ६७.१३% क्षमतामा संचालनमा रही गत वर्षको तुलनामा ३.८०% (२.६ गिगावाट आवर) बृद्धि सहित ७०.७६ गिगावाट आवर विद्युत उत्पादन गर्‍यो । कुल उपलब्ध बिद्युत मध्ये ६६.२५ गिगावाट आवर बिद्युत नेपाल विद्युत प्राधिकरणलाई आपुर्ति गरिएको थियो र ५.१४ गिगावाट आवर विद्युत कम्पनीको वितरण व्यवसाय अर्न्तगतका उपभोक्ताहरूलाई आपुर्ति गरिएको थियो ।

झिमरूक नदीमा वर्षायाममा अत्यधिक वालुवाका कणहरू आउनु झिमरूक विद्युत गृहको टर्वाइन छिटो छिटो खिइने समस्याको मुख्य कारण रह्यो । टर्वाइनको सबै हिस्साहरूको मर्मत संभार गरिएको थियो । सिंचाईमा बढोत्तरी ल्याउन तथा विद्युत उत्पादनमा वृद्धिको लागि विभिन्न व्यवस्थापनका कार्यहरू गरिएको थियो । आयोजनाको क्षेत्र तथा कृषकको जग्गा जमिनको संरक्षणका लागि नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) गरिएको थियो ।

संचालनमा रहेका विद्युत गृहहरू उत्पादित विद्युत बिक्रीको लागि नेपाल विद्युत प्राधिकरणसंगको विद्युत खरिद बिक्री सम्झौता आ.व. २०६९।०७० को अन्त्यमा समाप्त भएकोमा ३० वर्षको लागि नवीकरण गरिएको छ । आँधिखोला विद्युत गृहवाट उत्पादिन विद्युतको लागि एक यूनिटको रू. ४.४८ तथा झिमरूक विद्युत गृहवाट उत्पादित विद्युतको लागि आ.व. २०७०।०७१ को लागि एक यूनिटको रू.४.७६ तथा सो पश्चात् एक यूनिटको रू ५.२३ नयाँ विद्युत खरिद बिक्री दरहरू रहेकाछन् ।

# वितरण व्यवसाय

स्याङजा, पाल्पा, प्यूठान तथा अर्घाखाँची जिल्लाहरूमा फैलिएको स्थानीय वितरण संजालमा आ.व.२०७०।०७१ मा २२९९ नयाँ उपभोक्ताहरू थप भई विस्तार कार्यले निरन्तरता पायो । आ.व. २०७०।७१ को अन्त सम्ममा उपभोक्ताको संख्या ४४,९४२ पुगेको छ । बढ्दो माग सम्बोधन गर्नको लागि कुल २९.८ गिगावाट आवर बिद्युत खरिद गरिएको थियो, जुन गत वर्षको तुलनामा २५% ले वृद्धि हो । खरिद गरिएको कुल बिद्युत मध्ये २४.१ गिगावाट आवर खुद्रा ग्राहकहरूलाई बिक्री गरिएको थियो । ५.६३ गिगावाट आवर तथा ०.०६ गिगावाट आवर क्रमशः वितरण नोक्सानी तथा आन्तरिक खपत भयो । यस वर्ष कुल बिद्युत बिक्री गत वर्षको तुलनामा २३% ले बढ्यो ।

खुद्रा ग्राहकलाई बिक्री गरिएको २४.१ गिगावाट आवर बिद्युत मध्ये २०.७१ गिगावाट आवर (८६%) बिद्युत मिटर जडान गरेका उपभोक्ताहरूलाई, ०.६८

गिगावाट आवर (२.८%) बिद्युत मिटर जडान नगरेका उपभोक्ताहरूलाई र २.७१ गिगावाट आवर (११.२%) बिद्युत औद्योगिक उपभोक्ताहरूलाई[१] बिक्री गरिएको थियो । गत वर्षको बिद्युत बिक्रीको समग्र अवस्थाको तुलनामा मिटर जडित उपभोक्ताहरूलाई बिद्युत बिक्री उल्लेख्यरूपमा बढेको र मिटर जडान नगरेको उपभोक्ताहरूलाई बिद्युत बिक्री घटेको छ । आम्दानीमा हुने नोक्सानलाई कम गर्नको लागि निरन्तर प्रयासको रूपमा ३८१ कटआउट सेवा लिएका उपभोक्ताहरूलाई मिटर जडित उपभोक्ताहरूमा परिवर्तन गरियो ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### हिमाल पावर लि.

हिमाल पावर लि.ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलबिद्युत आयोजना स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना जुलाई ५, २००० देखी व्यापारिकरूपमा संचालनमा आएको थियो । यस कम्पनीले आ.व. २०७०।०७१ मा रू. २ अरव ७६ करोड खुद मुनाफा आर्जन गऱ्यो । बिपिसिले हिमाल पावर लि.वाट आ.व. २०७०।७१ मा रू. ३९ करोड ३६ लाख लाभांश प्राप्त गरेको छ । २०७१ आषाढ मसान्त सम्म हिमाल पावर लि. को खुद सम्पत्ति रू. ४ अरव ४५ करोड रहेको छ ।

### हाइड्रो कन्सल्ट इन्जिनियरिङ्ग लि.

हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्श सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले जलबिद्युत, सिंचाई तथा पूर्वाधार सम्बन्धी आयोजनाहरू तथा वातावरणिय तथा सामाजिक प्रभाव मुल्यांकन सेवाहरूमा विशिष्टिकरण गर्दै गईरहेको छ । क्रमिकरूपमा आफ्नो उन्नती तर्फ यस कम्पनी निरन्तर अघि बढिरहेकोछ । यस कम्पनीले आ.व. २०७०।०७१ मा परामर्श सेवावाट रू. ८ करोड २२ लाख कारोवार गऱ्यो । कुल कारोवार गत वर्षको सोही अवधीको तुलनामा ३८% ले बढेकोछ । करपछिको खुद मूनाफा रू. १ करोड १५ लाख आर्जन गरी यस वर्ष २०% लाभांश दिन पनि कम्पनी समर्थ भएको छ । यस कम्पनीको शेयरधनीहरको कोष तथा खुद सम्पत्ति रू. ३ करोड ५० लाख वाट ३३% ले बृद्धि भई रू.४ करोड ६६ लाख पुगेको छ ।

### नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.

१९८५ मा स्थापित नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रोमेकानिकल उपकरणको उत्पादक तथा पूनःमर्मत गर्ने तथा नेपालमा इलेक्ट्रोमेकानिकल उपकरणहरूको मर्मतसंभार गर्ने प्रमुख कम्पनी हो । यसका अन्य उत्पादनहरूमा एच.भी. सवस्टेशन, प्रशारण टावर, पोलहरू तथा पुल जस्ता ठुला स्टिल संरचनाहरू रहेकाछन् । यस कम्पनीले आ.व. २०७०।०७१ मा रू.४० करोड ५७ लाख कारोवार गरेतापनि तथा रू. १ करोड ८ लाख खुद नोक्सानी व्यहोर्नु परेको छ । यस कम्पनीको खुद सम्पत्ति २०७१ को आषाढ मसान्त सम्म रू. २३ करोड १ लाख ५५ हजार रहेको छ ।

### खुदी हाइड्रोपावर लि.

खुदी हाइड्रोपावर लि.ले ४ मेगावाट क्षमताको खुदी जलबिद्युत गृह स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना आ.व. २०६३।६४ देखी व्यापारिकरूपमा संचालनमा आएको हो ।

आ.व. २०७०।०७१ मा खुदी जलबिद्युत गृहले २२.५१ गिगावाट आवर बिद्युत राष्ट्रिय प्रसारण लाईनमा अपूर्ति गऱ्यो र रू. ९ करोड ६३ लाखको कारोवार गऱ्यो । यो विद्युत गृह संचालनमा आए देखीको सबै भन्दा उच्च कारोवार हो, जुन गत वर्षको तुलनामा ०.१५% को बृद्धि हो । यस कम्पनीले आ.व. २०७०।०७१ मा १ करोड ७० लाख खुद मुनाफा आर्जन गऱ्यो, जुन गत वर्षको तुलनामा ७३.९% को बृद्धि हो । खुदी हाइड्रोपावर लि.को वित्तिय अवस्था क्रमशः सुधार हुँदै गइरहेको छ ।

### हाइड्रो ल्याव प्रा.लि.

हिमाल तथा हिमाली नदीहरूले सृजना गरेका नदीको इन्जिनियरिङ सम्बन्धी समस्याहरू समाधान गर्ने एक पहलकदमीको रूपमा सन् १९८८ मा हाइड्रो ल्याव प्रा.लि.को स्थापना गरिएको थियो । यस कम्पनीमा रहेको हाइड्रोलिक्स तथा सेडिमेन्ट प्रयोगशालामा

[१] यस समुहमा घरेलु उद्योगका साथ साथै सिंचाई तथा खानेपानी समेत समावेश छ ।

सुविधा सम्पन्न उपकरणहरू रहेका छन् र हाइड्रोलिक संरचना तथा सेडिमेन्ट विश्लेषणका साथ साथै नदीको हाइड्रोलिक नमूना अध्ययन कार्यमा कम्पनीले वृहत अनुभव बटुलेको छ । आ.व. २०७०।०७१ मा हाइड्रो ल्याव प्रा.लि.ले रू. २ करोड ६० लाखको कारोवार र रू. १ करोड ६ लाख खुद मुनाफा गऱ्यो । सो वर्षको अन्त्यसम्ममा हाइड्रो ल्याव प्रा.लि.को खुद सम्पत्ति रू. ७ करोड ६० लाख रहेको छ ।

**बिपिसि सर्भिसेज लि.**

बिपिसि सर्भिसेज लि. सन् २००६ मा बिपिसिको एकल स्वामित्वको सहायक कम्पनीको रूपमा स्थापना भएको हो र नेपालमा बिद्युत गृहहरू, प्रसारण तथा वितरण प्रणालीको संचालन तथा मर्मत संभार सेवा प्रदान गर्ने यो एकमात्र कम्पनी हो । बिपिसि सर्भिसेज लि.ले जलबिद्युतको विकासमा संलग्न भएको कम्पनीहरूलाई प्राविधिक दक्ष जनशक्ति सेवा समेत प्रदान गरिरहेको छ । यस कम्पनीको आ.व. २०७०।०७१ मा ह्रास कट्टी, व्याज खर्च तथा खर्च व्यवस्था अघिको कुल आय रू. ११ लाख थियो । यसको खुद सम्पत्ति २०७१ साल आषाढ मसान्त सम्म रू ९२ लाख रहेको छ ।

## आयोजनाहरु/संयुक्त लगानीमा संचालित कम्पनीहरु

### आँधिखोला क्षमतावृद्धि आयोजना

आँधिखोला क्षमताबृद्धि आयोजना विगत २३ वर्ष देखी कम्पनीको पूर्णस्वामित्वमा संचालनमा रहेको र हाल ५.१ मेगावाट वाट ९.४ मेगावाटमा क्षमता बृद्धि गरिएको आँधिखोला विद्युत गृहको नयाँ संस्करण हो । केही प्राविधिक कारणहरूले गर्दा उत्पन्न अनपेक्षित परिस्थितीहरूले गर्दा क्षमताबृद्धि भएको विद्युत गृहवाट संचालन प्रारम्भमा ढिलाई हुन गएको छ र त्यसको कारण आयोजना लागतमा केही बृद्धि हुन पुगेको छ । हाल क्षमता बृद्धिको कार्य अन्तिम चरणमा छ र क्षमतावृद्धि भएको विद्युत गृहवाट व्यापारिकरूपमा विद्युत उत्पादनको प्रारम्भ जनवरी २०१५ भित्रमा हुने अपेक्षा गरिएको छ । आयोजना निर्माण सम्पन्न भएसंगै वार्षिकरूपमा २६ गिगावाट आवर विद्युत राष्ट्रिय प्रशारण लाईनमा थप हुनेछ । आ.व. २०७०।०७१ को अन्तसम्ममा रू. १ अरव १६ करोड खर्च गरिसकिएको छ ।

**कावेली इनर्जि लि.**

कावेली इनर्जि लि. बिपिसिद्वारा स्थापित विशेष उद्देश्यको कम्पनी हो । यस कम्पनीले निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण ढाँचामा आधारित भई ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजनाको निर्माण गर्नको लागि जनवरी ३, २०१० मा नेपाल सरकारसंग आयोजना विकास सम्झौता र तत्पश्चात् जुलाई ३, २०१३ त्यसको संशोधन सम्झौता गरेको छ । यो आयोजना संचालनमा आएपछि वार्षिक रुपमा २०५ गिगावाट आवर बिक्रीयोग्य विद्युत उर्जा उत्पादन गर्नेछ ।

यस आयोजनावाट उत्पादिन विद्युत विद्युत गृहमा रहने स्विचयार्ड देखी दमकमा रहेको सवस्टेशनमा कावेली कोरिडोरमा रहने १३२ के.भी.को ८० कि.मी. लामो प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ । कावेली कोरिडोरको प्रशारण लाईन अलग्गैरूपमा विश्व बैंकको आर्थिक सहयोगमा नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको छ । एक महत्वपूर्ण आयोजनाकोरूपमा कावेली ए जलविद्युत आयोजनाले नेपालको पूर्व क्षेत्रलाई राष्ट्रिय ग्रिडमा संलग्न गराउनेछ । यस आयोजनाको कुल पूँजीकृत खर्च करीव १० करोड अमेरीकी डलर हुनेछ । यस कम्पनीमा बिपिसीको ५४% शेयर लगानी हुनेछ, जसमध्ये २६% प्रत्यक्ष शेयर लगानी हुनेछ भने वाँकी संयुक्त लगानीमा संस्थापित कम्पनी गुराँश इनर्जि लि. मार्फत लगानी हुनेछ ।

ऋणतर्फ ७ करोड ८६ लाख अमेरीकी डलर विश्व बैंक र अन्तराष्ट्रिय वित्त निगमवाट प्राप्त हुनेछ । नेपाल सरकार र विश्व बैंक बीच ऋण सम्झौता सम्पन्न भई सकेको छ र विश्व बैंकवाट प्राप्त हुने ४ करोड अमेरीकी डलर ऋण जलविद्युत लगानी तथा विकास कम्पनी लि. मार्फत आयोजनालाई प्राप्त हुनेछ । यस कम्पनीले अन्तराष्ट्रिय वित्त निगम संग जुलाई १५, २०१४ मा ३ करोड ८६ लाख अमेरीकी डलरको ऋण सम्झौता गरेको छ । आयोजना विकास सम्झौतामा उल्लेख भएअनुसारको विद्युत बिक्रि सम्झौता छिटै सम्पन्न हुने अपेक्षा गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आयोजनाको उत्पादन अनुमतिपत्रका सम्बन्धमा

उठाएको कानूनी प्रश्न नेपाल सरकारमा विचाराधिन रहेकोछ र सो प्रश्नको समाधान आयोजनाको हितमा छिट्टै हुने अपेक्षा गरिएको छ ।

बिपिसिले करीव ५० लाख अमेरीकी डलर कावेली इनर्जि लि.मा लगानी गरिसकेको छ । सिभिल तथा हाइड्रो मेकानिकल कार्यहरूको ठेक्काको आशय पत्र जारी भईसकेको छ र इलेक्ट्रोमेकानिकल कार्यको लागि बोलपत्रदाताहरूसंग अन्तिम चरणको वार्ता भईरहेको छ । आयोजनाको निर्माण कार्य सन् २०१५ को पहिलो त्रैमासिकमा शुरू हुने छ र सो आयोजना सन् २०१८ मा सम्पन्न हुने छ भन्ने अपेक्षा गरिएको छ ।

**न्यादी हाइड्रोपावर लि.**

न्यादी हाइड्रोपावर लि. मा बिपिसि बहुमत शेयरधनीको रूपमा रहेको विशेष उद्देश्यको कम्पनीको रूपमा ३० मेगावाटको न्यादी जलबिद्युत आयोजना निर्माण, स्वामित्वकरण तथा संचालनको लागि स्थापना गरिएको कम्पनी हो । यस आयोजनाको ३५ वर्षको उत्पादन अनुमतिपत्र मिति २०६९।११।३ मा प्राप्त भएको छ । विद्युत गृह सम्म गाडी चल्न मिल्ने वाटो र मर्स्याङ्दी नदीमा पुल निर्माण कार्य सम्पन्न भई संचालनमा छन् । नेपाल विद्युत प्राधिकरणले २५ मेगावाट देखी १०० मेगावाट सम्मका आयोजनाहरूको विद्युत खरिद बिक्रीका सम्बन्धमा निर्देशिका तयार गरिरहेको छ र चाँडै आउने अपेक्षा गरिएको छ । सोही अनुसार आयोजनाको विद्युत खरिद बिक्री सम्झौता चाँडै हुने अपेक्षा गरिएको छ ।

आयोजनाको कुल लागत वित्तिय खर्च तथा निर्माण अवधीको व्याज सहित करीव ६ करोड ७० लाख अमेरिकी डलर हुने अनुमान गरिएको छ । बिपिसिले यस आयोजनामा ४० लाख अमेरीकी डलर लगानी गरिसकेको छ । यस आयोजना हुने ऋण लगानीको सम्बन्धमा ऋण सम्झौताको टर्मसिट (शर्तहरू) मा स्थानीय बैंकहरूसंग छलफल भईरहेको छ । विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भए लगत्तै तदारूकतासाथ ऋण सम्झौतामा छलफल गरी टुङ्गो लागाईने छ ।

**लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजनाः**

लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना मनाङ जिल्लाको दक्षिणी भेगमा पर्दछ । यस आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भएको छ । आयोजनाको संभाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्यांकन तथा डिजाईन कार्यको अन्तराष्ट्रिय परामर्शदातावाट पुनरावलोकन गरिएको छ । आयोजनाको विस्तृत डिजाईन कार्य सम्पन्न हुने चरणमा रहेकोछ । वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन वातावरण मन्त्रालयवाट मिति २०७०।१२।७ स्वीकृत भइसकेको छ । आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त गर्नको लागि उर्जा मन्त्रालयमा दरखास्त पेश गरिएको छ । यस आयोजनावाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने मर्स्याङ्दी कोरीडोरको प्रस्तावित २२० के.भी. को प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ । आयोजनाको जडित क्षमता नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्वन्धी निर्देशिका अनुसार गर्नको लागि ४० प्रतिशत वहावको आधारमा पून:मिलना गरी १०१ मेगावाट निर्धारण गरिएको छ । त्यसैगरी विद्युत खरिद बिक्री सम्झौताको लागि आवश्यक कागजातहरू सहित मिति २०७०।९।१२ मा नेपाल विद्युत प्राधिकरणमा निवेदन पेश गरिएको छ । यस आयोजनामा करीव २० लाख अमेरीकी डलर लगानी भइसेकोछ ।

**गुराँश इनर्जि लि.:**

गुराँश इनर्जि लि. नेपालमा जलविद्युत आयोजनाहरू तथा अन्य पूर्वाधार आयोजनाहरू प्राप्त गर्ने, विकास गर्ने, त्यस्ता आयोजनाहरूमा वित्तिय लगानी गर्ने, स्वामित्वमा लिन तथा संचालन गर्नको लागि इन्फ्राको एशियासंगको संयुक्त लगानीमा संस्थापित कम्पनी हो । यस कम्पनीमा इन्फ्राको एशियाको ६०% हिस्सा सहित बहुमत शेयर लगानी रहेको छ भने बिपिसीको ४०% हिस्सा रहेकोछ ।

## संचालक समिति

संचालक समितिमा केही हेरफेरहरू भएका छन् । २१औं वार्षिक साधारण सभावाट फेब्रुअरी २३,

२०१४ वाट लागु हुने गरी चार वर्षको कार्यकालको लागि सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने श्री चण्डी प्रसाद श्रेष्ठ र स्वतन्त्र संचालकमा श्री दिवाकर बैद्यलाई नियुक्त गरेको छ । उर्जा मन्त्रालयले सेप्टेम्वर १६, २०१४ मा श्री नवीन राज सिंहको स्थानमा श्री श्याम किशोर यादवलाई संचालकमा मनोनय गरेको छ । श्री नवीन राज सिंह डिसेम्वर १०, २०१३ मा श्री अनुप कुमार उपाध्यायको स्थानमा संचालक नियुक्त हुनु भएको थियो । त्यसैगरी सांग्रिला इनर्जि लि.ले मे ४, २०१४ मा श्री विजय बहादुर श्रेष्ठको स्थानमा श्री राजिव राजभण्डारीलाई संचालकमा नियुक्त गरी श्री विजय बहादुर श्रेष्ठलाई बैकल्पिक संचालकमा नियुक्त गऱ्यो । श्री हरि बुढाथोकी यस कम्पनीको कम्पनी सचिवकोरूपमा कार्यरत् हुनुहुन्छ ।

## संचालक समिति अर्न्तगतका समितिहरु

संचालक समितिले कम्पनी ऐन, २०६३ अनुसार गठन गर्नु पर्ने लेखापरीक्षण समिति लगायत विभिन्न पाँचवटा समितिहरू गठन गरेको थियो । सबै समितिहरूले संचालक समितिलाई आफ्नो कार्य कर्तव्य तथा जिम्मेवारीहरू पुरा गर्नको लागि सक्रियरूपमा राम्रो कार्यसंपादन गरेका छन् ।

- कम्पनीको अन्तरिक नियन्त्रण तथा वित्तिय सुशासनको लागि लेखापरीक्षण समितिले महत्वपूर्ण योगदान गऱ्यो ।
- बजेट समितिले कम्पनीको बजेटको परीक्षण तथा नियन्त्रण गरी संचालक समितिलाई मद्यत गऱ्यो ।
- वित्त समितिले कम्पनीको वित्तिय व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।
- मानव संशाधन समितिले प्रमुख कार्यकारी अधिकृत तथा कर्पोरेट विभागको भाईस प्रेसिडेन्टको उमेद्वारको छनौट गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।
- आयोजना निर्देशक समितिले आँधिखोला क्षमता बृद्धि आयोजनाको निर्माण कार्यको प्रगतिलाई नजिकवाट प्रभावकारीरूपमा अनुगमन गऱ्यो ।

संचालक समितिले मिति २०७१।२।२५ मा मानव संशाधन समितिलाई विघटन गरी तथा वजेट समितिलाई वित्त समितिमा गाभेर समितिहरूलाई अध्यावधिक तथा पूर्नसंरचना गऱ्यो । हाल कायम रहेका समितिहरूमा लेखापरीक्षण समिति, वजेट तथा वित्त समिति र आयोजना निर्देशक समिति रहेका छन् । आयोजना निर्देशक समिति आँधिखोला क्षमता बृद्धि आयोजना व्यापारिकरूपमा संचालनमा आएपछि स्वतः विघटन हुनेछ । समितिहरू तथा त्यसका सदस्यहरूको विस्तृत विवरण संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## संस्थागत सुशासन

कम्पनीले संस्थागत मूल्य संरचनाको अवलम्वन गरेको छ, जसमा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य, व्यवसायको नीति तथा सिद्धान्त, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दतारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त रहेका छन् । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गैरूपमा समावेश गरिएकोछ ।

## व्यवस्थापन

व्यवस्थापनमा केही परिवर्तनहरू भएका छन् । तात्कालिन प्रमुख कार्यकारी अधिकृत श्री रंजन लोहारको पदावधी सेप्टेम्वर १६, २०१३ मा समाप्त भएलगत्तै आयोजना तथा व्यवसाय विकास विभागका भाईस प्रेसिडेन्ट श्री प्रतिक मान सिंह प्रधानलाई नयाँ प्रमुख कार्यकारी अधिकृतको नियुक्त नभएसम्मको लागि कम्पनीको निमित्त प्रमुख कार्यकारी अधिकृत तोकिएको थियो । नेपालको उर्जा क्षेत्रमा लामो अनुभव भएका श्री उत्तर कुमार श्रेष्ठलाई मे १५, २०१४ देखी लागु हुने गरी प्रमुख कार्यकारी अधिकृत नियुक्त गरिएको छ । कम्पनीमा रिक्त रहेको उच्च कार्यकारी

पदमा पदपुर्ति संगै व्यवस्थापनले राम्रो परिणामहरू ल्याउनेछ भन्ने हामीलाई विश्वस लागेको छ ।

## मानव संशाधन विकास

आर्थिक वर्ष २०७०।०७१ को अन्त सम्मा २४६ पुरूष तथा २९ महिला सहित जम्मा २७५ कर्मचारीहरू कार्यरत थिए । समुहगतरूपमा कर्मचारीहरूको विवरण देहाय वमोजिम छ ।

| समुह | कर्मचारीको संख्या | पुरुष | महिला |
|---|---|---|---|
| व्यवस्थापन | २६ | २३ | ३ |
| अधिकृत | ४७ | ४५ | २ |
| वरिष्ठ सहायक | ७९ | ७३ | ६ |
| सहायक | १२३ | १०५ | १८ |
| जम्मा | २७५ | २६४ | २९ |

कम्पनीमा कर्मचारीको वहिर्गमन ७% रह्यो ।

गत वर्ष कर्मचारी यूनियनसंग भएको सामुहिक सौदावाजीको सम्झौताको परिणामस्वरूप व्यवस्थापन तथा कर्मचारीहरू बीच सुसम्बन्ध कायम भएको छ । कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा पेशागत विकासको साथ साथै कम्पनीको भविश्यको आवश्यकतालाई सम्बोधन गर्नको निमित्त तालिमहरू प्रदान गरिएको थियो ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

आई.एस.ओ. ९००१:२००८ (गुणस्तर) तथा आई.एस.ओ. १४००१:२००४ (वातावरण) व्यवस्थापन प्रणालीहरूद्धारा बिपिसी प्रमाणित भएको छ । गत वर्ष आई.एस.ओ. १८००१:२००७ पेशागत स्वस्थ्य तथा सुरक्षा (ओसास) व्यवस्थापन प्रणालीवाट समेत बिपिसी प्रमाणित भएको छ । पेशागत स्वस्थ्य तथा सुरक्षा विषयलाई समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरूको एक अभिन्न अंगकोरूपमा व्यवस्थापन गर्नको लागि ओसासले कम्पनीलाई सहयोग पुऱ्याउने छ भन्ने हाम्रो विश्वास छ । यसले स्वास्थ्य तथा सुरक्षा सम्बन्धी सचेतना तथा कम्पनीमा प्रभावकारीता बढाउनुको साथै संस्थागत मुल्य समेत बृद्धि गर्नेछ । उल्लेखित व्यवस्थापन प्रणालीहरूको आन्तरिकरूपमा तथा बाह्यरूपमा परीक्षणहरू गरिएको छ । यस वर्षमा कुनै गम्भिर चोटपटक भएको पाइएको छैन । कम्पनीले आफ्ना व्यवसायहरू वातावरण मैत्रीरूपमा संचालन गरेको छ । बिपिसीले वातावरण सम्बन्धी सचेतना अभिवृद्धिको लागि विश्व वातावरण दिवस, २०१४ लाई स्थानीयहरूको सहकार्यमा मनायो ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

बिपिसी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, तथा नेपाल टनेलिङ्ग एशोशियसनको संस्थागत सदस्य हो । बिपिसी अन्तराष्ट्रिय वित्त संस्था, विश्व बैक, नर्वेको विदेश मामिला मन्त्रालय, इन्फ्राको एसिया आदि अन्तराष्ट्रिय संस्थाहरूसंग समेत आयोजनाहरू विकासको लागि विभिन्न तहमा संलग्न छ ।

## जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसाय संचालनको एउटा महत्वपूर्ण तत्वको रूपमा रहेको छ । कम्पनीका विभिन्न व्यवसायिक इकाईहरूको कार्यसंग सम्बन्धित जोखिमहरूको पहिचान, निर्धारण, योजना, निरूपण तथा अनुगमनको लागि संस्थागत जोखिम व्यवस्थापनलाई लागु गरिएको छ । विद्युत गृहहरू लगायतका कम्पनीका सम्पत्तिहरूको भरपर्दो बीमा कम्पनीमा बीमा गरिएको छ । झिमरूक केन्द्रमा भएको आगलागीवाट भएको सम्पत्तिको क्षतिका सम्बन्धमा बीमा कम्पनीमा गरिएको क्षतिपूर्तिको दावी प्राप्त भै सकेको छ । तथापि, उक्त घटनावाट भएको आय नोक्सानी तथा कर्मचारीहरूको व्यक्तिगत सम्पत्तिको नोक्सानीको सम्बन्धमा नेपाल सरकारसंग माग गरिएको क्षतिपूर्तिको विषय अझै विचाराधिन छ ।

## आन्तरिक नियन्त्रण

व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यन्वयनको निमित्त आवधिकरूपमा आई.एस.ओ. अर्न्तगत आन्तरिक तथा बाह्य परीक्षणहरू गरिएको छ । कम्पनीको आन्तरिक नियन्त्रण तथा

जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गरिदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू प्रभावकारीरूपमा कार्यान्वयन गरिएको छ । श्री कुवेर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट, ले आ.व. २०७०।०७१ मा कम्पनीको आन्तरिक लेखापरीक्षण कार्य गरेको थियो ।

## वाह्य लेखापरीक्षण

श्री एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट, ले लगातार दोश्रो पटक यस कम्पनीको आ.व. २०७०।०७१ को हिसाव किताव लेखापरीक्षण गर्‍यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

कम्पनीको व्यवसाय संचालनको आवश्यकतालाई ध्यानमा राखी शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र ती सुझावहरूलाई कम्पनीको व्यवसायिक हितमा पुनरावलोकन तथा कार्यान्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षिप्त प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी सरोकारवालाहरूलाई संचारित गरिएको छ र ति प्रकाशनहरूलाई शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले निरन्तर सुधारको लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ ।

## सहायक कम्पनीहरुसंगको कारोवारहरु

बिपिसिले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । बिपिसिले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग भएका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७०।०७१ को वित्तिय विवरणहरूमा खुलाइएको छ ।

## व्यवसाय तथा लगानीको वातावरण

नेपाल सरकारको आ.व. २०७१।७२ को बजेटले उर्जा क्षेत्रको लगानीलाई प्राथमिकता दिएकोछ । सरकारले आगामी तीन वर्षमा लोडसेडिङ अन्त्य गर्नको लागि योजना बनाएको छ भने बहुदेशीय तथा अन्य प्रशारण लाईनको निर्माणको लागि उत्तिकै प्राथमिकता दिएको छ । सरकारले २०७९।८० सम्ममा निर्माण सम्पन्न आयोजनाहरूलाई पहिलो दश वर्षको लागि पुरै र त्यसपछिको पाँच वर्षको लागि पचास प्रतिशत आयकर छुट दिएर जलविद्युत आयोजनाहरूको निर्माण छिटो सम्पन्न गर्नको लागि ठुलो सुविधा दिएको छ । त्यसका अतिरिक्त २०८० भित्र आयोजनाको निर्माण सम्पन्न गर्ने आयोजनाहरूलाई रू ५० लाख प्रति मेगावाट आर्थिक सहयोग उपलब्ध हुनेछ । हालै भारतसंग सम्पन्न विद्युत व्यापार सम्झौता तथा कर्णाली एवं अरूण आयोजनाहरूको आयोजना विकास सम्झौताले जलविद्युत तथा पूर्वाधार आयोजनाहरूको क्षेत्रमा विदेशी लगानीको लागि नयाँ आयाम खुल्ला गरेको छ र यसले विद्युत उत्पादन, प्रशारण लाईनको संजाल, उर्जा प्रभावकारीता, नवीकरणीय उर्जा तथा विद्युतसंग सम्वन्धित परामर्श तथा अनुसन्धान सेवाहरूको क्षेत्रमा सहकार्यलाई सहज गर्ने उद्देश्य राखेको छ । विद्युत व्यापार सम्झौता तथा आयोजना विकास सम्झौता पश्चात् विदेशी लगानी मार्फत जलविद्युत विकासको समग्र वातावरणमा सुधार आएको छ । नयाँ संविधान छिट्टै जारी हुनेछ र त्यसले देशमा शान्ती र सुरक्षा सहित प्रवर्द्धकलाई सहज वातावरण समेत दिनेछ भन्ने अपेक्षा गरिएको छ । साथै, नेपाल सरकारको प्राथमिकतामा रहेको अपेक्षित नयाँ विद्युत ऐन तथा विद्युत नियमन आयोग ऐन जारी भएवाट जलविद्युत क्षेत्रको थप विकासमा मद्यत पुग्नेछ ।

## लाभांश

यस संचालक समिति निर्माणको चरणमा रहेका तथा कम्पनीले भविश्यमा शुरू गर्न लागिरहेको आयोजनाहरूको लागि आवश्यक लगानीका सम्वन्धमा सचेत छ । लगानीवाट शेयरधनीहरूलाई दिर्घकालिक सम्पत्तिको सृजना गर्ने छ । कम्पनीले अवलम्वन गरेको लाभांश नीति तथा नाफालाई बिचार गरी संचालक समितिले आ.व. २०७०।०७१ को मुनाफावाट चुक्ता पूँजीको १५% नगद लाभांश सिफारिस गरेको छ ।

## आगामी वर्षः

यो नयाँ वर्ष विभिन्न सफलताका सूचकहरू सहित धेरै उत्साहप्रद हुनेछ । आँधिखोला विद्युत गृहले ९.४ मेगावाटमा क्षमता बृद्धि संगै विद्युत उत्पादन पूनारम्भ गर्नेछ । आँधिखोला तथा झिमरूक विद्युत गृहहरूको विद्युत खरिद बिक्री सम्झौताको अवधी २०७० सालको आषाढ मसान्तमा समाप्त भएको थियो । सो सम्झौताको अवधी ३० वर्ष थप गर्ने सम्झौतामा हस्ताक्षर भईसकेको छ । विश्व बैंक/अन्तराष्ट्रिय विकास संस्था तथा अन्तराष्ट्रिय वित्त निगमको ऋण लगानी सहित कावेली ए जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापनको कार्य सम्पन्न भइसकेको हुँदा नेपाल विद्युत प्राधिकरणसंग छिट्टै विद्युत खरिद बिक्री सम्झौता भई आयोजनाको निर्माण कार्य प्रारम्भ हुनेछ । न्यादी जलविद्युत आयोजना विद्युत खरिद बिक्री सम्झौता तथा वित्तिय व्यवस्थापनको कार्य सम्पन्न गरी निर्माण शुरू गर्नको लागि तयार हुनेछ । लोअर मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र लिइनेछ र सो आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको प्रक्रियालाई तिव्रता दिइनेछ । केन्द्रीय कार्यालयको भवनको दोश्रो चरणको निर्माण कार्य सम्पन्न हुनेछ ।


## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७०।०७१ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको विदेश मामिला मन्त्रालय, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, आपूर्तिकर्ताहरू, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट



**पद्म ज्योति**
अध्यक्ष

मितिः २०७१ पौष २७

# संक्षिप्त आर्थिक प्रतिवेदन

**आ. व. २०७०/७१ (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)**

**शेयरधनीज्यूहरु,**

१. कम्पनीको वार्षिक कारोवार गत वर्ष रू. ५१ करोड २१ लाख भएकोमा यस वर्ष २१.०९% ले घट्न गई रू. ४० करोड ४१ लाख वरावरको कारोवार भएको छ । तर, गत वर्षको खुद नाफा रू. २४ करोड ३९ लाख भएकोमा सो बढेर यस वर्ष रू. ३० करोड ३८ लाख खुद नाफा भएको छ । कम्पनीको कारोबार घट्नुको मुख्य कारण नेपाल विद्युत प्राधिकरणसँग गरेको विद्युत खरिद सम्झौता पुनरावलोकनबाट झिम्रूक जलविद्युत केन्द्रको विद्युत खरिद दर घट्नुका साथै आँधिखोला बिद्युत गृहलाई ९.४ मेगावाटमा क्षमता बृद्धि गर्न निर्माणकार्यको लागि नोभेम्बर २१, २०१२ वाट आँधिखोला बिद्युत गृह बन्द गरिनु समेत रहेका छन् । तैपनि कम्पनीको यस आ.व.को खुद आम्दानी बढ्नुको मुख्य कारणमा लाभांश वापत प्राप्त आम्दानीमा उल्लेख्य बृद्धि हुनु रहेको छ ।

२. कम्पनीको वित्तिय परिणामहरूको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

३. यस वर्ष झिमरूक बिद्युत गृहवाट ७०.७६ गिगावाट आवर बिद्युत उत्पादन भयको छ । यो उत्पादन गत वर्षको तुलनामा ३.८०% (२.६ गिगावाट आवर) ले बृद्धि हो । ५.१ मेगावाट क्षमताको आधिखोला विद्युतगृह थप क्षमता बृद्धिको लागि बन्द रहेकोले गत आ.व. भन्दा यस बर्ष कुल उत्पादन घटेको छ । बिद्युतको थोक बिक्रीवाट हुने आम्दानी २९.२७% ले घटेको छ ।

४. कम्पनीले स्थानीय उपभोक्ताहरूलाई २४.१ गिगावाट आवर बिद्युत बिक्री गरेको छ । यो

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०६९/७० |
|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | २८९,२९९ | ४०९,०२० |
| उपभोक्तालाई बिद्युत र सेवा बिक्रीबाट आम्दानी | ११४,८०९ | १०३,०८७ |
| जम्मा संचालन आम्दानी | ४०४,१०७ | ५१२,१०७ |
| जम्मा संचालन खर्च | ३२४,५९१ | ३११,१५९ |
| कूल संचालन नाफा | ७९,५१६ | २००,९४८ |
| अन्य आय | ४५५,५५० | २९६,१६२ |
| प्रशासनिक तथा अन्य खर्च | २४३,७८६ | २२७,३१४ |
| वाँडफाँड अधिको खुद मुनाफा | ३०३,७६८ | २४३,८८४ |
| प्रतिशेयर आम्दानी रू. | १९.७५ | २४.०२ |
| नेटवर्थ रू. दश लाखमा | ३,२५९ | २,५१६ |

बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा ०.८३% ले बढी हो । सो बिक्रीवाट १४.८५% को बृद्धि हासिल गरी रू. १० करोड ८५ लाख आम्दानी हुन गएको छ । आ.व. २०७०।७१ मा कम्पनीको वितरण व्यवसाय अर्न्तगत मिटर जडित उपभोक्ताहरूको संख्या ५.५% ले बृद्धि भई ४४,९४२ जना पुगेको छ ।

५. संचालनमा रहेका सहायक तथा संवद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रहेको छ ।

(क) ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युतगृह संचालन गर्ने हिमाल पावर लि. ले आ.व. २०७०।७१मा रू. २ अरव ७५ करोड खुद नाफा आर्जन गऱ्यो । बिपिसीले उक्त आ.व.मा हिमाल पावर लि. वाट रू. ३९ करोड ३६ लाख लाभांश प्राप्त गरेको छ ।

(ख) हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले गत वर्षको तुलनामा ३८.०२% ले कारोवारमा बृद्धि गरी रू ८ करोड २२ लाख ४४ हजार कारोवार गऱ्यो । हाइड्रो कन्सल्टले आ.व. २०७०।७१ मा रू. १ करोड १५ लाख खुद नाफा आर्जन गरि २० प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

(ग) बिपिसि सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७०।७१ मा ह्रासकट्टी, व्याज खर्च तथा खर्च व्यवस्था अघि रू. ११ लाख ४० हजार आम्दानी गरेको छ ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । यस कम्पनीले आ. व. २०७०।७१ मा गत वर्षको खुद नाफा रू. ६२ लाख गरेकोमा यसवर्ष रू. १ करोड ८ लाख खुद नोक्सानी ब्यहोर्नु परेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि.ले आ.व. २०७०।७१ मा गत वर्षको बिक्री रू. ९ करोड ६१ लाख ४० हजारको तुलनामा रू. ९ करोड ६२ लाख ८० हजार वरावरको बिद्युत बिक्री गऱ्यो । यस कम्पनीले रू. १ करोड ७० लाख ३० हजार खुद नाफा आर्जन गरेको छ ।

(च) हाइड्रो ल्याव प्रा.लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७०।७१ मा २ करोड ५९ लाख ८० हजारको कारोवार गरी १ करोड ६ लाख नाफा आर्जन गरेको छ ।

(छ) बिपिसी र इन्फ्राको एशिया डेभलपमेन्ट को क्रमशः ४० प्रतिशत र ६० प्रतिशत स्वामित्व कायम रहने गरी गुरांश ईनर्जी लिमिटेडको स्थापना गरिएको छ । संयुक्त लगानीमा स्थापित उक्त कम्पनीको उदेश्य हाल विकास तथा निर्माणको चरणमा रहेको एवं अन्य नयां जलविद्युत परियोजनाहरूमा लगानी तथा विकास निर्माणमा सहयोग पुर्‍याउने रहेको छ । यस आ.व को अन्त्यसम्मा बिपिसिले १ करोड ६६ लाख रूपैया यस कम्पनीमा लगानी गरिसकेको छ ।

६. आयोजना/आयोजना कम्पनीहरूको विद्यमान अवस्था तथा यस वर्षका योजनाहरू यस प्रकार रहेका छन् ।

(क) न्यादी हाइड्रोपावर लि. मार्फत विकास निर्माणको क्रममा रहेको ३० मेगावाट क्षमताको न्यादी जलबिद्युत आयोजनामा बिपिसिले रू. ३५ करोड २३ लाख ४० हजार लगानी गरिसकेको छ । बिपिसिको यसमा मुख्य शेयरधनीको रूपमा ९७.२२% शेयर लगानी रहेको छ । विद्युत खरिद बिक्री सम्झौता (पिपिए) को प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

(ख) बिपिसिले आ.व. २०७०।७१ सम्ममा १००.३८ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासको लागि रू. १४ करोड ९६ लाख लगानी गरिसकेको छ । यस आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भएको छ । वातावरणीय प्रभाव मुल्यांकनको कार्य सम्पन्न गरी सो को प्रतिवेदन वातावरण मन्त्रालयद्वारा स्वीकृत भइसकेको छ । यस आयोजनाले चालु आ.व.मा विस्तृत डिजाइन, बिद्युत खरिद बिक्री सम्झौता तथा उत्पादन अनुमतिपत्रको लागि प्रक्रियाहरू सम्पन्न गर्ने तयारी गरिरहेको छ ।

(ग) ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना कावेली इनर्जि लि. मार्फत विकास निर्माण भईरहेको छ । बिपिसीले आ.व. २०७०।७१ सम्ममा रू. ४५ करोड ८० लाख यस आयोजनामा लगानी गरिसकेको छ । यसले विश्व बैक, अर्न्तराष्ट्रिय वित्त निगम तथा अन्य स्थानीय बैकहरूसँग बित्तिय व्यवस्थापन सम्पन्न गरिसकेकोले पिपिएको प्रक्रिया अन्तिम चरणमा पुगीसकेको छ ।

(घ) ५.१ मेगावाट क्षमतावाट ९.४ मेगावाटमा क्षमता बृद्धि गर्न बिपिसीले संचालन गरेको आँधिखोला क्षमता बृद्धि आयोजनाको निर्माण अन्तिम चरणमा छ । क्षमता बृद्धि भएको बिद्युत गृहवाट व्यापारिकरूपमा बिद्युत उत्पादन सन् २०१५ को जनवरी वाट हुने योजना छ । आ.व. २०७०।७१ सम्ममा यस आयोजनामा रू. १ अर्ब १६ करोड २२ लाख खर्च भैसकेको छ ।

७. कम्पनीको संचालक समितिले आ.व. २०७०।७१ को लागि चुक्ता पूँजीको १५% नगद लाभांश सिफारिस गरेको छ ।

८. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. सुदर्शन राज पाण्डे**
पार्टनर
एस.आर. पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## २०७१ आषाढ ३२ गतेको
# वित्तिय अवस्थाको विवरण

| | | विवरण | आ.व. २०७०/०७१ रू. | आ.व. २०६९/०७० रू. |
|---|---|---|---|---|
| **१** | **कोषको श्रोत** | | | |
| | **क** | **शेयरधनी कोष** | | |
| | | शेयर पूँजी | १,६७३,३२२,७०० | १,०१५,२६९,४०० |
| | | जगेडा तथा बचत | १,५८६,२७५,३३४ | १,५०१,०२१,८९५ |
| | | जम्मा शेयरधनीको कोष | ३,२५९,४९८,०३४ | २,५१६,२९१,२९५ |
| | **ख** | **गैह्र चालु सम्पत्ति** | | |
| | | अनुदान जगेडा | १९९,५७२,५२४ | २०७,८२९,५४१ |
| | | दिर्घकालिन ऋण | ८७३,५०९,५९५ | ८३८,४५२,८३३ |
| | | पर सारिएको कर दायित्व | ७,९६३,३८० | २६,१६२,७४३ |
| | | गैह्र चालु सम्पत्ति | १,०८१,०४५,४९९ | १,०७२,४४५,११७ |
| | | **जम्मा** | **४,३४०,५४३,५३३** | **३,५८८,७३६,४१३** |
| **२** | | **कोषको उपयोग** | | |
| | **क** | **अचल सम्पत्ति** | | |
| | | **स्थिर सम्पत्ति** | | |
| | | कुल स्थिर सम्पत्ति | २,३११,६८०,०३६ | २,२९८,१५३,१११ |
| | | न्यूनःह्रासकट्टी | ८७९,२२०,४१४ | ७९०,४३१,०४१ |
| | | **खुद स्थिर सम्पत्ति** | **१,४३२,४५९,६२२** | **१,५०७,७२२,०७०** |
| | | बिक्रीको लागि राखिएको सम्पत्ति | ३,१७०,२०३ | ३,१७०,२०३ |
| | | पूँजीगत कार्य प्रगति | १,३१६,४७४,६१४ | ८६०,११२,७६८ |
| | | शेयर लगानी | १,२२२,०९०,५६३ | १,०८२,५०१,२१९ |
| | | **कुल अचल सम्पत्ति** | **३,९७४,१९५,००१** | **३,४५३,५०६,२६०** |
| | **ख** | **चालु सम्पत्ति** | | |
| | | नगद तथा बैंक मौज्दात | २०२,०३८,६०६ | २५२,०८७,०४६ |
| | | मौज्दात | ५६,९११,९८६ | ३५,९५६,१०५ |
| | | आसामी तथा प्राप्य रकम | ३३५,९४७,६५६ | २७६,२७४,५९५ |
| | | पेश्की तथा धरौटी भुक्तानी | २८९,९४९,७९८ | २८८,५७२,२२५ |
| | | **जम्मा चालु सम्पत्ति** | **८८४,८४८,०४६** | **८५२,८८९,९७१** |
| | **ग** | **न्युनःचालु दायित्व** | | |
| | | अल्पकालिन ऋण | १२६,३०६,१७७ | ३९७,४७१,६७४ |
| | | साहु तथा भुक्तानी गर्नु पर्ने रकम | ३६४,२४६,६३२ | २७७,७६१,४४४ |
| | | पेश्की तथा धरौटी प्राप्त | २,५३५,०७३ | ३,११३,९१० |
| | | व्यवस्थाहरू | २५,४११,६३२ | ३९,३१२,७९० |
| | | **जम्मा चालु दायित्व** | **५१८,४९९,५१४** | **७१७,६५९,८१९** |
| | **घ** | **खुद चालु सम्पत्ति** | **३६६,३४८,५३२** | **१३५,२३०,१५३** |
| | | **जम्मा** | **४,३४०,५४३,५३३** | **३,५८८,७३६,४१३** |

## २०७१ आषाढ ३२ गते सम्मको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७०/०७१ रू. | आ.व. २०६९/०७० रू. |
|---|---|---|
| **संचालन आम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | २८९,२९८,५४९ | ४०९,०२०,३६५ |
| उपभोक्तालाई विद्युत बिक्री | १०८,५०९,८५६ | ९४,५३७,३२३ |
| विद्युत सेवा | ६,२९८,७९२ | ८,५४९,३३२ |
| **जम्मा संचालन आम्दानी** | **४०४,१०७,१९७** | **५१२,१०७,०२०** |
| **संचालन खर्चहरू** | | |
| उत्पादन खर्च | २६१,७८४,६६६ | २४२,८२६,०६७ |
| वितरण खर्च | ६२,८०६,५८० | ६८,३३२,८९० |
| **जम्मा संचालन खर्चहरू** | **३२४,५९१,२४६** | **३११,१५८,९५८** |
| **कुल संचालन नाफा** | **७९,५१५,९५१** | **२००,९४८,०६२** |
| **प्रशासनिक तथा अन्य खर्चहरू** | | |
| प्रशासनिक खर्च | १०८,२९९,९६७ | ११५,४६९,४११ |
| ह्रास कट्टी | ९०,०४१,७१७ | ७०,६८९,८५५ |
| संभावित लगानीको आय/नोक्सान व्यवस्था | (४,९६८,९१९) | (७,३०७,०१६) |
| व्याज खर्च | ५०,४१२,९६६ | ४८,४६१,२७५ |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरू** | **२४३,७८५,७३१** | **२२७,३१३,५२४** |
| **अन्य श्रोतहरूवाट आम्दानी** | | |
| व्याज आम्दानी | ३५,१३३,७९२ | २८,५२१,५६० |
| अन्य आम्दानी | ११,८१३,६७८ | ७,२०४,०७३ |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ११,५०५,६९१ | ११,१८७,६३१ |
| लाभांश आम्दानी | ३९३,६१५,४०६ | २४१,४०८,४५३ |
| विदेशी मुद्रा विनिमय लाभ/नोक्सान | १,२०४,१९८ | ६,५८६,२६० |
| सम्पत्ति तथा मौज्दात वस्तु बिक्री नाफा/नोक्सान | २,२७७,००७ | १,२५४,४२८ |
| **जम्मा अन्य श्रोतहरूवाट आम्दानी** | **४५५,५४९,७७२** | **२९६,१६२,४०४** |
| **बोनस र कर अधिको नाफा** | **२९१,२७९,९९२** | **२६९,७९६,९४२** |
| कर्मचारी बोनस | ५,७११,३७२ | ५,२९०,१३६ |
| संस्थागत आयकर व्यवस्था | – | ७,९०१,६४८ |
| पर सारिएको कर खर्च | (१८,१९९,३६३) | १२,७२०,८१५ |
| वाँडफाँड अधिको मुनाफा/नोक्सान | ३०३,७६७,९८३ | २४३,८८४,३४३ |
| **नाफा नोक्सानको वाँडफाँड हिसाव** | | |
| गत वर्षको वाँकी | ८४३,१४५,२८१ | ८५३,६०१,९१५ |
| यस वर्षको नाफा | ३०३,७६७,९८३ | २४३,८८४,३४३ |
| **जम्मा** | **१,१४६,९१३,२६४** | **१,०९७,४८६,२५८** |
| न्युनः लाभांश | (१८२,७४८,४९२) | (२५३,८१७,३५०) |
| **जम्मा लाभांश** | **(१८२,७४८,४९२)** | **(२५३,८१७,३५०)** |
| विगत वर्षको समायोजन | (२६,२३०,५०३) | (५२३,६२७) |
| वासलातमा सारेको संचित मुनाफा | ९३७,९३४,२६९ | ८४३,१४५,२८१ |
| प्रति शेयर आम्दानी – आधारभूत (Basic) | १९.७५ | २४.०२ |
| प्रति शेयर आम्दानी – परिवर्तित (Diluted) | १९.७५ | २४.०२ |

**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4781776, 4784026
Fax: 977-1-4780994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058

bpc
BUTWAL POWER
COMPANY LIMITED